अग्नीसाईर कृष्णासवरन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सितापुर[illegible]

मधेश प्रदेश, नेपाल

सूचना। सूचना॥ सूचना॥।

## आन्तरिक स्रोत संकलन सम्बन्धी

## व्यवसायिक सटर/कोठाहरुको ठेक्का सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः२०८३/०३/१६**

प्रस्तुत विषयमा यस अग्निसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालयको निर्णयानुसार गाउँपालिकाको क्षेत्र भित्र आन्तरिक श्रोत बन्दोबस्त गर्न १ नं वडा जण्डौल, तपेश्वरी बजारमा रहेका व्यवसायिक भवनको सटर/कोठाहरुको ठेक्का प्रक्रिया अगाडी बढाउनु पर्ने भएकोले तपसिल शर्तको अधिनमा रही इच्छुक व्यक्ति/फर्म/संस्थाहरुबाट रित पूर्वकको शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

| क्र.स | दरभाउपत्र नं | व्यवसायिक भवनका सटरहरुको विवरण | ठेगाना | न्यूनतम कबोल अङ्क मासिक (प्रति कोठा/सटर) | | | फारम दस्तुर | ठेक्का अवधि (३ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मासिक | वार्षिक | तिन (३)वर्षको | | | |
| १ | ०१/०८२/०८३ | सटर नं ५, १२, १४, १६, १७ | जण्डौल, तपेश्वरी बजार | रु ७००/- | रु८,४००/- | रु२५,२००/- | रु १००० | ३ वर्ष | प्रत्येक सटरका लागि छुट्टाछुटै दरभाउपत्र पेश गर्नुपर्नेछ। |
| २ | ०२/०८२/०८३ | कोठा नं घ, ङ, ज, झ | जण्डौल, तपेश्वरी बजार | रु ७००/- | रु८,४००/- | रु२५,२००/- | रु १००० | ३ वर्ष | प्रत्येक कोठाको लागि छुट्टाछुटै दरभाउपत्र पेश गर्नुपर्नेछ। |

## नियम तथा शर्तहरुः

१. फारम दस्तुर रु १०००/- (पछि फिर्ता नहुने गरी) राजस्व शाखामा नगद बुझाउनु पर्नेछ र नगदी रसिद लिनुपर्नेछ। फारम यस गाउँपालिकाको प्रशासन शाखा बाट उपलब्ध हुनेछ।

२. बोलपत्र प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाले लिखित निवेदन सहित सूचना प्रकाशन भएको मितिले ७ औ दिन (मिति २०८३/०३/२२ गते ) कार्यालय समयभित्र यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालयको राजस्व शाखामा बोलपत्र फारम खरिद गरी ८ औ दिन (मिति २०८३/०३/२३ गते) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। उक्त बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २.०० बजेदेखि बोलपत्रदाता र अग्नीसाईर कृष्णासवरन गाउँपालिका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा सोहि समयमा हुनेछ।

४. दरभाउपत्रमा कबोल रकम गर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नुपर्नेछ। दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

५. कबोल रकमको लागि तोकिएको न्यूनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ।

६. एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको शिलबन्दी परेको हुनुपर्नेछ।

७. शिलबन्दी दरभाउपत्र पेश गर्दा यस गा.पा.को. महुली स्थित माछापुच्छ्रे बैङ्कको शाखा कार्यालयमा रहेको धरौटी खाता नं (०८४००७३३५२८०००४१)मा आफूले कबोल गरेको मासिक भाडा रकमको तिन(३) महिना बराबरको धरौटी रकम जम्मा

धिरेन्द्र कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

गरेको सक्कलै भौचर र सम्बन्धित दरभाउपत्र दाताको नागरिकताको फोटोकपी र फर्म वा कम्पनी भए फर्म दर्ता प्रमाणपत्र, कर दर्ताको प्रतिलिपि र नियमानुसार कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखि पेश गर्नु पर्नेछ । साथै दरभाउपत्र पेश गर्नेले खाम बाहिर प्रष्ट बुझीने गरि दरभाउपत्र नं र ठेक्का लिन चाहेको कोठा नं/सटर नं. सहित विवरण उल्लेख गरी शिलब्दी दरभाउपत्र दाताको नाम, थर, ठेगाना र सम्पर्क नं समेत उल्लेख भएको हुनपर्नेछ । धरौटी बापतको रकम ठेकदारले भुक्तान गर्नुपर्ने सम्पूर्ण रकम भुक्तानी गरी सकेपछि र ठेक्काको अवधि समाप्त भैसकेपछि फिर्ता गरिनेछ ।

८. ठेक्का स्वीकृत भएको मितिले सात(७) दिन भित्र एकमुष्ट(तिन वर्षको) रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिइनेछ ।

९. स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ गतेभित्र यस कार्यालयमा बुझाउनुपर्नेछ । तिन महिनासम्म भाडा नबुझाएमा धरौटी बापत राखिएको रकमबाट भाडा असुल उपर गरी कोठा खाली गरिनेछ ।

१०. गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस गा.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाइने छैन ।

११. ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको व्यवसायिक भवनको संरचनामा कुनै किसिमको संरचना हेरफेर गर्न पाइने छैन र सामान्य मर्मत सम्भारको रकम यस गा.पा मा दावि गर्न पाइने छैन ।

१२. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम ठेकेदार नै हनुपर्ने र सोको कबोल रकम मिन्हा हुने छैन ।

१३. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाइने छैन ।

१४. सम्झौता अवधि समाप्त भए पश्चात म्याद थप गर्दा सम्झौता रकममा वार्षिक ५ प्रतिशत वृद्धि गरि नयाँ सम्झौता रकम कायम गरिनेछ । सो पछिका वर्षहरुमा सम्झौता रकममा ५ प्रतिशतका दरले वृद्धि गरी नयाँ सम्झौता रकम कायम गरिनेछ ।

१५. कोठा/सटर जसको नाउमा सकार हुन्छ उसैले आफ्नो व्यवसाय संचालन गर्नुपर्नेछ । अर्थात भाडा लिएको व्यक्तिले अर्को व्यक्तिलाई पुन:भाडामा लगाउन पाइने छैन ।

१६. कानुनले बन्देज तथा निषेधित गरिएका माल सामनाहरु बिक्री वितरण गर्न पाइने छैन ।

१७. ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार गाउँपालिकामा निहित रहनेछ ।

१८. व्यवसायिक भवनका सटर/कोठाहरुको ठेक्का सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

१९. अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

...................
(धिरेन्द्र कुमार यादव)
प्रमुख प्रशासकीय अधिकृत

धिरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

CamScanner